आज मिती २०८३ साल बैशाख १५ गते दिउँसो १:०० बजे गोकुलगंगा गाउँपालिकाको दोश्रो कार्यकालको ५८ औं कार्यपालिकाको वैठक गाउँपालिका अध्यक्ष श्री काजी बहादुर खड्काको अध्यक्षता तथा तपशिलका पदाधिकारीहरुको उपस्थितीमा बसी देहाय बमोजिमको विषयमा छलफल गरी निर्णय गरीयो ।

<u>तपशिल</u>

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री काजी बहादुर खड्का | अध्यक्ष | | |
| २ | श्री उषा देवी कार्की | उपाध्यक्ष | | |
| ३ | श्री छत्र बहादुर वस्नेत | वडा नं. १, वडाध्यक्ष | | |
| ४ | श्री सुन्दर कुमार कार्की | वडा नं. २, वडाध्यक्ष | | |
| ५ | श्री नर विक्रम कार्की | वडा नं. ३, वडाध्यक्ष | | |
| ६ | श्री नवराज खड्का | वडा नं. ४, कार्यबाहक वडाध्यक्ष | | |
| ७ | श्री दिपक कार्की | वडा नं. ५, वडाध्यक्ष | | |
| ८ | श्री चन्द्र बहादुर सुनुवार | वडा नं. ६, वडाध्यक्ष | | |
| ९ | श्री दिर्घ माया खत्री | कार्यपालिका सदस्य | | |
| १० | श्री संगिता वि.क. | कार्यपालिका सदस्य | | |
| ११ | श्री मोहन मायाँ सुनुवार | कार्यपालिका सदस्य | | |
| १२ | श्री ज्ञान कुमारी थापामगर | कार्यपालिका सदस्य | | |
| १३ | श्री कैलाश सुनुवार | कार्यपालिका सदस्य | | |
| १४ | श्री मैना खड्का | कार्यपालिका सदस्य | | |
| १५ | श्री दिनेश भट्टराई | प्रमुख प्रशासकीय अधिकृत, सदस्य सचिव | | |

## ५८ औं कार्यपालिका बैठकमा छलफल हुने विषयहरुः-

१. अघिल्लो कार्यपालिकाको बैठकका निर्णयहरुको समिक्षा गर्ने सम्बन्धमा ।

२. कम्पनी खोलिदिने सम्बन्धमा ।

३. सार्वजनिक निजी साझेदारी परियोजनाको लागि स्रोत व्यवस्थापन समन्धमा ।

४. गाउँपालिकाको नाममा रहने शेयर संख्या निर्धारण सम्बन्धमा ।

५. क्षतिपुर्ति उपलब्ध गराउन सम्बन्धित निकायमा अनुरोध गर्ने सम्बन्धमा ।

६. विद्यालय (जट्टेश्वरी आ.वि.,रस्नालु) समायोजन सम्बन्धमा ।

७. बालमैत्री स्थानीय शासन स्थानीय तहसँग सम्बन्धित सूचक तथा कार्यक्रम सम्बन्धमा ।

८. आगामी आ.व. ०८३/८४ को नीति कार्यक्रमा तथा बजेट सम्बन्धमा ।

९. विषादी खरिद सम्बन्धमा ।

१०. कार्यालय समय तोक्ने सम्बन्धमा ।

११. विषयगत समितिबाट भएका निर्ययहरुका सम्बन्धमा छलफल गर्ने सम्बन्धमा ।

१२. आर्थिक सहयोग सम्बन्धमा ।

१३. चिस्यान भण्डारण केन्द्रका लागि आवश्यक सामाग्री खरिद गरी संचालनमा ल्याउने सम्बन्धमा ।

१४. विविध सम्बन्धमा ।

**निर्णयहरुः-**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गरी अघिल्लो बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको सार्वजनिक साझेदारी ऐन, २०८२ र नियमावली, २०८२ को अधिनमा रही यस गाउँपालिकाको ५१% सेयर स्वामित्व र अन्य छ जना देहाय बमोजिमका शेरधनीहरूको ४९% सेयर स्वामित्व रहने गरी श्री गोकुलगंगा पावर कम्पनी लि. खोल्नको लागि अनुरोध गर्ने निर्णय सर्वसहमतीमा पारित गरियो ।

**तपसिलः-**

१) गोकुलगंगा गाउँपालिका (प्रतिनिधि) गोकुलगंगा गा.पा- ३ रस्नालु

२) भीष्म बस्नेत - गोकुलगंगा गा.पा- ५ ना.प्र.न २११०२३/१०३५७

काजी बहादुर खड्का
अध्यक्ष

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

३) सन्तोष घिताल - सिरानचोक गा.पा ४ ना.प्र.न ४४१०२७-५६८
४) दीपक खडका - गोकुलगंगा गा.पा- ५ ना.प्र.न २११०२४/१८३६५
५) भिम बहादुर खडका - गोकुलगंगा गा.पा- ५ ना.प्र.न ७७४३६
६) मण्डप भण्डारी - गोकुलगंगा गा.पा- ४ ना.प्र.न २११०१०/५५९
७) मञ्जु कुमारी घिमिरे - मन्थली न.पा- १ ना.प्र.न ४३५११/१७११४

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको सार्वजनिक साझेदारी ऐन, २०८२ र नियमावली, २०८२ बमोजिम श्री गोकुलगंगा पावर कम्पनी लिमिटेड स्थापनाका लागि यस गाउँपालिकाको ५१% बाट हुन आउने प्रति शेयर मुल्य १००।— को सेयर संख्या जम्मा ६३७५०।— (त्रिसठी हजार सात सय पचास) बराबरको रकम यस कार्यालयको आन्तरिक श्रोत र बैङ्क कर्जा मार्फत आर्थिक श्रोत व्यवस्थापन गर्ने निर्णय सर्वसहमतीमा पारित गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको सार्वजनिक साझेदारी ऐन, २०८२ र नियमावली, २०८२ बमोजिम यस गाउँपालिकाको ५१% बराबर हुन आउने सेयर संख्या जम्मा ६३७५०।— (त्रिसठी हजार सात सय पचास) निर्धारण गर्ने निर्णय सर्वसहमतीमा पारित गरियो।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गोकुलगंगा गाउँपालिका वडा नं. १, चुचुरेका स्थायी निवासी श्री वीर बहादुर कार्की मोही रहनुभएको र शिवजी मन्दिरको नाममा श्रेस्ता कायम रहेको साबिक चुचुरे गा.वि.स. वडा नं. ७/क, कित्ता नं. २० को जग्गामा निर्मित २ कोठे पक्की भवनको क्षतिपूर्ति सम्बन्धमा छलफल गरियो। उक्त भवन रामेछाप-गर्ज्याङ-खिम्ती १३२ के.भी. प्रसारण लाइन आयोजनाको Right of Way (ROW) भित्र परेको, आयोजना सुरु हुनु अगावै निर्माण भइसकेको र सो निजी गुठी जन्य जग्गाको हकभोग निवेदक स्वयंको परिवारमा रहेको देखिन्छ। उक्त मन्दिरको कुनै पनि सञ्चालक समिति नरहेको अवस्थामा मोही श्री वीर बहादुर कार्कीका छोरा श्री तेज बहादुर कार्कीले दिएको निवेदन, परिवारको मञ्जुरीनामा तथा स्थलगत फिल्ड मुचुल्का समेतका प्रमाणित कागजातहरूका आधारमा नियमानुसार पाउनुपर्ने घरको क्षतिपूर्ति रकम निज निवेदकलाई उपलब्ध गराइदिनका लागि सम्बन्धित आयोजना/निकायमा अनुरोध गरी पठाउने निर्णय सर्वसम्मत रूपमा पारित गरियो।

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको रस्नालुमा संचालित जट्टेश्वरी आधारभूत विद्यालय समायोजन सम्बन्धमा विद्यालयको विद्यार्थी सङ्ख्या, भौगोलिक अवस्था, पहुँच तथा प्रचलित कानुनी व्यवस्थालाई आधार मानी नजिकको दुरीमा पर्ने श्री गोकुलगंगा माध्यमिक विद्यालय, रस्नालुमा समायोजन गर्ने भनी आज बसेको यस गाउँपालिकाको शिक्षा समितिले गरेको निर्णयानुसार सो विद्यालय समायोजन गर्ने निर्णय गरियो। साथै उक्त विद्यालयमा कार्यरत प्रा.वि. राहत शिक्षक रिता के.सि. र बाल सहायक सुस्मिता भण्डारीलाई क्रमशः भिम आ.वि. र गोकुलगंगा मा.वि. मा पदस्थापन गर्ने निर्णय सर्वसहमतीमा पारित गरियो।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँपालिकाको बालमैत्री स्थानीय शासन स्थानीय तह घोषणा सम्बन्धी सूचकहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न शिक्षा, स्वास्थ्य, सरसफाइ, बालअधिकार संरक्षण तथा सहभागितामूलक कार्यक्रमहरूलाई प्राथमिकता दिई सम्बन्धित शाखा, वडा कार्यालय, विद्यालय तथा सरोकारवाला निकायसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो। साथै अपूरा सूचकहरूको पहिचान गरी निर्धारित समयभित्र पूरा गर्न कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने निर्णय सर्वसहमतीमा पारित गरियो।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिकाको आगामी आ.व. ०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा स्थानीय आवश्यकता, जनचाहना, दिगो विकास, उत्पादन र रोजगारी अभिवृद्धि, कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार तथा सामाजिक विकासका क्षेत्रलाई प्राथमिकता दिने निर्णय गरियो। साथै वडा तथा विषयगत समितिबाट प्राप्त योजना तथा कार्यक्रमहरूलाई आवश्यक प्राथमिकताका आधारमा समावेश गरी स्रोत तथा साधनको उपलब्धता अनुसार बजेट विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकामा आलु खेतीमा महामारीको रुपमा डडुवा रोग र मकैबालीमा फौजी किराको प्रकोप देखिएकाले सो महामारी नियन्त्रण गर्न विषादी र विषादी छर्ने स्प्रेयर सोझै खरिद विधिद्वारा खरिद गरी पिडित स्थानीय कृषकहरुलाई न्यायोचित रुपमा वितरण गर्नुपर्ने भएकाले आवश्यक व्यवस्था गर्ने निर्णय गरियो।

काजी बहादुर खड्का
अध्यक्ष

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १०**

**प्रस्ताव नं. १० माथि छलफल गर्दा** यस गाउँपालिकाको भौगोलिक अवस्थाका कारण कर्मचारीहरू टाढा-टाढाबाट आउनुपर्ने व्यावहारिक कठिनाइ तथा मध्यपूर्वको युद्धको प्रभावका कारण सिर्जित परिस्थितिलाई समेत मध्यनजर गर्दै, सेवाग्राहीलाई सहज, सरल तथा प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्न प्रचलित कानुन तथा कर्मचारी व्यवस्थापनको अवस्थालाई ध्यानमा राखी साविककै कार्यालय समय निर्धारण (आईतवार देखि विहिवार विहान १० बजेदेखि ५ बजेसम्म र शुक्रवार विहान १० बजे देखि ३ बजे सम्म) गरी कडाइका साथ कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस गाउँपालिकाको विषयगत समितिबाट भएका निर्णय, सुझाव तथा प्रतिवेदनहरुलाई कार्यपालिकामा प्रस्तुत गरी आवश्यक छलफल पश्चात् प्रचलित कानुन तथा स्थानीय आवश्यकता अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो। साथै समितिहरूबाट प्राप्त योजना/कार्यक्रमहरूको प्रभावकारिता, आवश्यकता तथा उपलब्ध स्रोतको आधारमा प्राथमिकता निर्धारण गरी क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय सर्वसहमतीमा पारित गरियो।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा देहायमा उल्लेखित व्यक्तिको पारिवारिक आर्थिक अवस्था कमजोर भएको भनी देहायको प्रयोजनका लागि आर्थिक रकम माग गर्नुभएकोले देहाय अनुसार रकम भुक्तान गर्न सिफारिस गर्ने निर्णय सर्वसहमतीमा गरियो ।

| सि.नं. | व्यक्तिको नाम | ठेगाना | सिफारिस रकम | प्रयोजन | कैफियत |
|---|---|---|---|---|---|
| १. | रोशन मगर | लिखुतामाकोशी गाउँपालिका, रामेछाप । | रु. २५,०००।– (अक्षरुपी पच्चिस हजार मात्र) | मृगौला सम्बन्धी रोगको उपचारमा सहयोग बापत | हाल बीर अस्पतालमा उपचाररत रहेको |

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस गाउँपालिकामा किवि फल प्रशोधन तथा भण्डारणको लागि पुर्वाधार निर्माण कार्यक्रम (प्रदेश सशर्त) अन्गर्गत विनियोजित रु. ५० लाख बजेट मध्ये रु. २० लाखबाट गाउँपालिकाको चिस्यान भण्डारण केन्द्रको प्रारम्भिक चरणमा पाईलट कार्यक्रम मार्फत प्रभावकारी बनाउने र किवि तथा आलु जस्ता कृषि उपजको पोष्ट हार्भेष्ट क्षती न्युनिकरण गर्ने उदेश्यले आवश्यक सामाग्रीहरु (ह्युमिडिफायर, एयर स्क्रबर, प्लाष्टिक क्रेट, मोनिटरिङ उपकरण जस्ता अन्य आवश्यक सामाग्रीहरु) खरिद तथा जडान गरी सो चिस्यान केन्द्र आंशिक रुपमा संचालनमा ल्याउने निर्णय गरियो।

दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

काजी बहादुर खड्का
अध्यक्ष